रसूल (सल्लल्लाहु अलैहि वसल्लम) हरेक अनिवार्य नमाज पछि यो दुआ पढ्नुहुन्थ्यो

मुगीरा बिन शोअबाका लेखक वर्रादले बयान गरेका छन् , मुगीरा बिन शोअबाले मलाई मुआविया (रजियल्लाहु अन्हु) लाई पठाइएको पत्रमा लेख्न लगाए : रसूल (सल्लल्लाहु अलैहि वसल्लम) हरेक अनिवार्य नमाज पछि यो दुआ पढ्नुहुन्थ्यो : ‘ला इलाह इल्लल्लाहु वह्दहू ला शरीक लहु , लहुल्मुल्कु व लहुल् -हम्दु व हुव अला कुल्लि शैइन् कदीर् , अल्लाहुम्म ला मानिअ लिमा आअ्तैत् , वला मुअ्तिय लिमा मनअ्त , वला यन्फउ जलजद्दि मिन्कल् -जद्द । ’

[सही] [मुत्तफकुन अलैहि]

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) हरेक अनिवार्य नमाज पछि : ‘ला इलाह इल्लल्लाहु वह्दहू ला शरीक लहु , लहुल्मुल्कु व लहुल् -हम्दु व हुव अला कुल्लि शैइन् कदीर् , अल्लाहुम्म ला मानिअ लिमा आअ्तैत , वला मुअ्तिय लिमा मनाअ्त , वला यन्फउ जलजद्दि मिन्कल् -जद्द ’ पढ्नुहुन्थ्यो । अर्थात् म तौहीद (एकेश्वरवाद) को वचनलाई स्वीकार गर्दछु । म साँचो उपासना केवल अल्लाहको लागि योग्य रहेको तथ्य स्वीकार गर्दछु र उहाँबाहेक सबैका लागि अस्वीकार गर्दछु । किनकि अल्लाह बाहेक अरु कोही सच्चा उपाष्य छैन । म पुष्टि गर्छु कि साँचो र पूर्ण सार्वभौमसत्ता अल्लाहका लागि हुन् र आकाश र पृथ्वीमा भएका सबै प्रशंसाका हकदार केवल उहाँ मात्र हुनुहुन्छ । किनकि उहाँ सबै कुरामा सक्षम हुनुहुन्छ । यदि उहाँले कसैलाई केही प्रदान गर्नुहुन्छ भने त्यसलाई कसैले रोक्न सक्दैनन् वा कसैलाई केही नदिने नियत गर्नुभएको छ भने त्यसलाई कसैले दिन सक्दैन । कुनै धनी व्यक्तिको धनले उहाँको दरबारमा उसलाई कुनै फाइदा गर्दैन । हो , उसको सत्कर्मले मात्र उसलाई फाइदा गर्नेछ ।

http://www.sunnah.global/hadeeth/ne/show/65102